## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०१५।०१ गाउँपालिका स्थापना दिवश सम्बन्धमा।

२०७७।०७८-०१५।०२ जिल्ला समन्वय समितिको मौज्दात कोष सम्बन्धमा।

२०७७।०७८-०१५।०३ प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा।

२०७७।०७८-०१५।०४ बिविध सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१५।०१**

प्रस्ताव नं २०७७।०७८-१५।०१ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीको स्थापना दिवस २०७७ फाल्गुण २३ गतेदेखी २७ गतेसम्म भब्य रुपमा मनाउनेः

(क) रूपा रत्न सम्मान २०७७ द्धारा रूपा गाउँपालिकाभित्र जन्म भएका लेखक साहित्यकार कलाकार खेलाडी तथा बैज्ञानिक अनुसन्धानका क्षेत्रमा योगदान पुर्‍याउनुभएका व्यक्तिव्वहरुलाइ ताम्रपत्र, दोशल्ला र नगद रु १५,१०१ अक्षेरुपी पन्ध्र हजार एक सय एक करबाहेक वाट सम्मान गर्ने।

(ख) अन्तरस्थानीय तह वडास्तरीय पुरुष भलिवल प्रतियोगित सञ्चालन गर्ने।

(ग) वडाका टोलटोलबाट सहभागी हुने गरी माला तथा झाँकी प्रतियोगित सञ्चालन गर्ने।

(घ) स्थानीय तह स्थापना दिवसको अबसरमा मिति २०७७।११।२३ गते संचालन हुने गरी अध्यक्ष कप भलिबल प्रतियोगिता २०७७, गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परालाई जगेर्ना र संरक्षण गर्ने उद्येश्यले रुपा गाउपालिका स्तरिय झाँकी प्रदर्शन प्रतियोगिताको आयोजना गर्ने।

(ङ) मौलिक कला र संस्कृतिलाई प्रोत्साहन गर्ने उद्येश्यले स्थानीय स्तरमै उत्पादन हुने विभिन्न प्रजातिका फुल तथा दुबोको माला प्रतियोगितासमेत आयोजना गर्ने।

(च) कार्यक्रमको समापन मिति २०७६ फाल्गुण २७ गते भब्य कार्यक्रमा साथ सम्पन्न गर्ने।

(छ) गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परलाई जगेर्ना र संरक्षण गर्ने उद्येश्यका साथ हरेक वडा बाट क्रमशः वडा नं. १ बाट बोटे जाति अनिवार्य सहभागी हुने गरि जम्मा ५ समुह, वडा नं.२ बाट दलित अनिवार्य सहभागी हुने गरि ४ समुह, वडा नं. ३ बाट कुमाल अनिवार्य सहभागी हुने गरि ४ समुह, वडा नं.४ बाट ठकुरी अनिवार्य सहभागी हुने गरि ४ समुह, वडा नं. ५ बाट गुरुङ्ग र नेवार अनिवार्य सहभागी हुने गरि ५ समुह, वडा नं.६ बाट मुस्लीम अनिवार्य सहभागी हुने गरि ६ समुह र वडा नं. ४ बाट नेवार अनिवार्य सहभागी हुने ५ टिम सहित बृहत रुपा गाउँपालिका स्तरिय झाँकी प्रदर्शन प्रतियोगिता संचालन हुनेछ। प्रतियोगिताका विजेता तथा उपबिजेताहरुलाई कार्यक्रमको समापनको दिन पुरस्कार वितरण गरिने छ।

(ज) पाँच दिनसम्म चल्ने कार्यक्रमलाई भब्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरु रहनेः

तपसिलः

१) खेलकुद मूल समितिः–

| | |
|---|---|
| लालसुब्बा गुरुङ्ग | संयोजक |
| दिपक कुमार आले | सदस्य |

| | |
|---|---|
| रामजी अधिकारी | सदस्य |
| मुकुन्द बहादुर बंशी | सदस्य |
| टेक बहादुर गुरुङ्ग | सदस्य |
| नारायण गुरुङ्ग | सदस्य |
| दयासागर सुबेदी | सदस्य |
| हिता रुपाखेती | सदस्य |
| सपना सुबेदी | सदस्य |
| मेलिना नेपाली | सदस्य |
| सरिता सुनार | सदस्य |
| कृष्ण बहादुर वि.क. | सदस्य |
| बम बहादुर भुजेल | सदस्य |
| अशोक परियार | सदस्य |
| सन्दिप पौडेल | सदस्य सचिब |

२) भलिवल खेलकुद संचालन समितिः–

| | |
|---|---|
| नारायण गुरुङ्ग | संयोजक |
| मोती कुमार श्रेष्ठ | सदस्य |
| रविन्द्र बंशी | सदस्य |
| राम बहादुर गोदार | सदस्य |
| मेलीना नेपाली | सदस्य |

३) झाँकी परिचालन तथा यातायात व्यबस्थापन

| | |
|---|---|
| रामजी अधिकारी | संयोजक |
| दामोदर घिमिरे | सदस्य |
| बद्रिनाथ ओझा | सदस्य |
| विजय राना | सदस्य |

४) मञ्च व्यबस्थापन

| | |
|---|---|
| टेक बहादुर गुरुङ | संयोजक |
| क्या. हर्क ब. गुरुङ्ग | सदस्य |
| सपना सुवेदी | सदस्य |

५) अतिथि सत्कार तथा स्वागत

| | |
|---|---|
| हिता रुपाखेती | संयोजक |
| मधुमाया शाहि | सदस्य |
| राधा बसौला | सदस्य |



रुपा गाउँपालिका कास्की

६) माला प्रतियोगिता व्यबस्थापन एबंम् परिचालनः–

| | |
|---|---|
| दिपक कुमार आले | संयोजक |
| कृष्ण बहादुर वि.क. | सदस्य |
| सरस्वती श्रेष्ठ | सदस्य |
| अनिता राना | सदस्य |

७) खाजा व्यबस्थापनः–

| | |
|---|---|
| दयासागर सुवेदी | संयोजक |
| सरिता सुनार | सदस्य |
| बुद्धिमाया गुरुङ | सदस्य |

८) स्वयंम् सेवक परिचालन

| | |
|---|---|
| मुकुन्द बहादुर बंशी | संयोजक |
| राजन खनाल | सदस्य |
| नन्दलाल ओझा | सदस्य |
| सकुरदिन मिया | सदस्य |
| रामजी पौडेल | सदस्य |

पुरस्कारका विवरणहरुः

भलिबल तर्फः

१) प्रथम पुरस्कारः– रु. ८०,०००।– ट्रफि मेडल र प्रमाणपत्र

२) द्धितिय पुरस्कारः– रु. ६०,०००।– ट्रफि मेडल र प्रमाणपत्र

३) तृतिय पुरस्कारः– रु. ४०,०००।– ट्रफि मेडल र प्रमाणपत्र

४) सान्त्वना पुरस्कारः– रु. ३०,०००।– ट्रफि मेडल र प्रमाणपत्र

उत्कृष्ट खेल प्रदर्शन अन्तर्गत

१) बेस्ट स्पाइकरः– रु. ३०००।–

२) बेस्ट सर्भरः– रु.३०००।–

३) बेस्ट ब्लकरः–  रु. ३०००।–

४) बेस्ट सेटरः– रु. ३०००।–

५) बेस्ट लिब्रोः– रु. ३०००।–

६) बेस्ट प्लेयरः– रु. ५०००।– मायाको चिनो

७) अनुशाशित टिमः– मायाको चिनो

नियमहरुः–

१) टिम दर्ता मिति २०७६।११।१५ देखि ११।२२ गते सम्म गरिसक्नु पर्नेछ।

२) आयोजकले तोकेको समयमा खेलाडीहरु उपस्थित भै सक्नुपर्नेछ। अन्यथा विपक्षी टिमलाई स्वतः विजयी घोषणा गरिनेछ।

रुपा गाउँपालिका कास्की

३) खेलाडीहरुले खेलाडी दर्ता फारममा फोटो टाँस गरि सम्बन्धीत वडा कार्यालयले प्रमाणित गरेको फारम र खेलाडीको सक्कल नागरीकता सहित प्रतिलिपि बुझाउनु पर्नेछ ।
४) खेल तथा नेपाल एफ आई भि.बि तथा भलिबल संघको नियमानुसार खेलाईने छ।
५) खेल नक आउटका आधारमा खेलाइने छ ।
६) खेलमा उजुरी (पोटास) दिनुपरेमा रु. ५०००।– शुल्क लाग्नेछ ।
७) खेलाडी संख्या १२ टिम मेनेजर १, टिम कोच १ सहित जम्मा १४ जना सम्म हुनेछ ।
८) खेलमा कुनै विवाद आएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

झाँकी तर्फः–
१) प्रथम पुरस्कारः– रु. ३५,०००।–
२) द्धितिय पुरस्कारः– रु. २०,०००।–
३) तृतिय पुरस्कारः–१५,०००।–

नियमहरुः–
१) प्रत्येक झाँकी समुहमा कम्तिमा ३० जना सदस्यहरु हुनुपर्नेछ । सदस्य संख्या पुरा  भई समाबेश भएमा प्रत्येक समुहलाई रु. ७०००।– सहभागीता बापतको रकम र रु १५०० खाना खाजा खर्च एकमुष्ट रुपमा उपलब्ध गराइने छ ।
२) प्रत्येक समुहमा ३० जना मध्येमा कम्तीमा ५ जना ३० वर्ष भन्दा कम उमेरको हुनुपर्नेछ।
३) प्रत्येक सहभागी समूहलाइ यातायात खर्च बापत एकमुष्ट रु १५०० उपलब्ध गराइनेछ।
माला प्रतियोगिताः–
१) प्रथम पुरस्कारः– रु.४,०००।–
२) द्धितिय पुरस्कारः– रु.३,०००।–
३) तृतिय पुरस्कारः– रु.२,०००।–

नियमहरुः–
१) झाँकी प्रदर्शन प्रतियोगितामा भाग लिने आउने समूहहरुबाट एउटा समूहले बढिमा ५ वटा माला प्रतियोगितामा समाबेश गर्नुपर्नेछ ।
२) प्रतियोगितामा समाबेश हुने मालामा स्थानीय सामाग्रहरुको प्रयोग गर्नुपर्नेछ जसमा बाह्य बस्तुहरु जस्तै जरि, फुल लगायतका अन्य कुनै पनि बस्तुहरु प्रयोग गर्न पाइने छैन ।
नोटः– पुरस्कार स्वरुप प्रदान गरिने रकममा नियमानुसार करकट्टि गरिनेछ ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-१५।०२</u>**

प्रस्ताव नं २०७७।०७८-१५।०२ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको मौज्दात कोषको रकम तथा गाउँपालिकाको साझेदारीमा सञ्चालन हुनेगरी निम्नानुसारका योजनाहरु छनौट गर्नेः

क) रूपा गाउँपालिका कास्की वडा नं २ को कार्यालय भवन निर्माण योजना



रुपा गाउँपालिका कास्की

अनुमानित लागत रु ३ करोड १७ लाख ५१ हजार मात्र।

ख) साँखर गडुवा खानेपानी योजना (रुपा २ देखी ४) ।
अनुमानित लागत रु २ करोड ५९ लाख ८४ हजार ९५१ मात्र।

ग) गाउँसभाबाट स्विकृत विभिन्न १७ वटा विद्यालहरुको मर्मत घेरबारका योजनाहरु।
उल्लिखत योजनाहरुको लागी निमानुसार गाउँपालिकाबाट व्यहोर्नुपर्ने लागत साझेदारी बापतको रकमको लागी कार्यपालिकाबाट स्विकृत गरी अनुमोदनको लागी गाउँसभामा पेश गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१५।०३**

प्रस्ताव नं २०७७।०७८-१५।०३ माथि छलफल गर्दा आव २०७७।०७८ को लागी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रस्तावमा पेश भएबमोजिमका योजनाहरु छनौट गरि रोजगार सेवा केन्द्र मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१५।०४**

प्रस्ताव नं २०७७।०७८-१५।०४ माथि छलफल गर्दा कार्यपालिका बैठक समापन गर्ने।

मिति २०७७ साल फाल्गुण ५ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

मितिः

रुपा गाउँपालिका कास्की